# छेडागाड नगरपालिका
**Chhedagad Municipality**
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

कार्कीगाउँ, जाजरकोट
Karkigaun, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


सं./Letter No.:०८०।०८१
च.नं./Ref. No.: १४३८

मितिः-२०८१।१०।३०
ने.सं ११४५ सिल्लाथ्व १५ बुधवार

**विषयः- आगामी आ.व. ०८२/०८३ का लागि बेरोजगार व्यक्तिहरुको सूचिकरण सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आर्थिक वर्ष ०८२/०८३ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिहरु, सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले आफु बसोबास गरेको सम्बन्धित वडाको वडा कार्यालयमा गई मिति २०८१।११।०१ गतेदेखि मिति २०८१।११।३० गतेभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

१ निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटा १/ १ प्रति ।

२ अनुसूची १ फारम (फारम भर्दा फारमले मागेका तथ्यहरु अनिवार्य भरेको हुनुपर्नेछ।

३ स्थायी वसोबास खुल्ने आवश्यक कागजातको फोटोकपी (नागरिकताको प्रमाण-पत्र अन्यत्रबाट जारी भएको भए बसाई सराईको प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्र अन्य जिल्लाबाट लिएको विवाहित महिलाको सन्दर्भमा विवाह दर्ताको प्रमाण-पत्रको प्रतिलिपी)।

४ यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएकाको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण निवेदनको बुँदा नं १५ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ । देश......पासपोर्ट नं.........विदेशमा गरेको कामसंग सम्बन्धित सीप......आदि ।

५ गरिव, अल्पसंख्यक, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई पहिलो प्राथमिकता दिइने छ।

६ १८-५९ वर्ष उमेर समूहभित्रका बेरोजगार व्यक्तिहरुले मात्र फारम भर्नु पर्ने छ ।

७ गरिवी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्न गत आ.व. ०८०/०८१ र चालु आ.व. ०८१/०८२ मा फारम भरेका बेरोजगार व्यक्तिहरुले पनि अनिबार्य फारम भर्नु पर्नेछ । साथै वडा कार्यालयबाट सिफारिस गरेको व्यक्तिलाई मात्र सूचिकृत गरिनेछ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा, छेडागाड नगरपालिकाः- सूचना website तथा सामाजिक सञ्जाल facebook पेजमा प्रकाशन गरिदिनुहुन ।

दिपक कुमार शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

*नोटः फारमले मागेको सबै विवरण अनिवार्य भर्नु पर्नेछ अन्यथा फारम स्वीकृती नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।*

# छेडागाड नगरपालिका
**Chhedagad Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**

कार्कीगाउँ, जाजरकोट
Karkigaun, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सं./Letter No.:०८०।०८१
च.नं./Ref. No.: १४२६

मिति:-२०८१।१०।३०
ने.सं ११४५ सिल्लाथ्व १५ बुधबार

श्री अध्यक्ष ज्यू
१-१३ नं वडा कार्यालय सबै ।

**बिषय:- आगामी आ.व. ०८२/०८३ का लागि बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आर्थिक वर्ष ०८२/०८३ मा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने र सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गरी मिति २०८१।११।३० गते भित्र यस कार्यालयमा पेश गर्नु, गराउनु हुन अनुरोध छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट वा नगरपालिकाको रोजगार सेवा केन्द्रबाट नि:शुल्क उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ ।

**निवेदन संकलनका साथै गर्नुपर्ने कार्यहरु**

१ निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटा १/१ प्रति ।

२ अनुसूची १ फारम (फारम भर्दा फारमले मागेका विवरण अनिवार्य भरेको हुनुपर्ने ।

३ स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकपी (नागरिकताको प्रमाण पत्र अन्यत्रबाट जारी भएको भए बसाई सराईको प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्र अन्य जिल्लाबाट लिएको विवाहित महिलाको सन्दर्भमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपी) ।

४ यदी निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण निवेदनको बुँदा नं १५ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नु पर्नेछ।

५ यस कार्यक्रम अन्तर्गत संचालन हुने न्यूनतम रोजगारीमा अल्पसंख्यक, गरीव, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

६ लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालन गर्न सहज हुने गरी आवश्यक सबै विवरणको रेकर्ड तयार हुने गरी फारम भर्न लगाउनु पर्नेछ ।

७ न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमुलक सेवा सुविधा सबै नागरिकहरुले प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८ १८-५९ वर्ष उमेर समूहभित्रका बेरोजगार व्यक्तिहरुले मात्र फारम भर्नु पर्ने छ ।

९ गरिवी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्न गत आ. व. ०८०/०८१ र चालु आ. व. ०८१/०८२ मा फारम भरेका बेरोजगार व्यक्तिहरुले पनि अनिबार्य फारम भर्नु पर्नेछ ।साथै वास्तविक वेरोजगारलाई मात्र छनौट गरी वडा समितिको निर्णय र सिफारिस सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ।

**वडा कार्यालयमा रेकर्ड तयारीको नमुना ।**

| क्र.स. | दर्ता नं | बेरोजगारको नाम/थर | बेरोजगारको जन्म मिति | नागरिकता नं | नागरिकता जारीजिल्ला | वार्षिक पारिवारिक आए | सिपको प्रकार | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

दिपक कुमार शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

नोट: *फारमले मागेको सबै विवरण अनिवार्य भर्नु पर्नेछ अन्यथा फारम स्वीकृती नहुने व्यहोरा समेत जानकारी गराइन्छ*